नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
# सूचना तथा प्रसारण विभाग
सञ्चारग्राम,काठमाण्डौं

## नवीकरण तथा बेरूजु रकम दाखिला गर्ने सम्बन्धी सूचना

(प्रकाशित मितिः २०८३/०३/०४ गते)

राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम १६ मा इजाजतपत्र तथा अनुमतिपत्रको बहाल रहने अवधि एक आर्थिक बर्ष हुने र त्यस्तो इजाजतपत्र वा अनुमतिपत्र नवीकरण गराउन चाहने प्रसारण संस्थाले इजाजतपत्र वा अनुमतिपत्र बहाल रहने अवधि भुक्तान नहुँदै ऐ. नियमावलीको नियम ११ बमोजिम बुझाउनुपर्ने प्रसारण तथा वितरण शुल्क बुझाएको प्रमाण संलग्न गरी तथा इजाजतपत्र वा अनुमतिपत्र नवीकरण वापतको दस्तुर दाखिला गरी नवीकरणको लागि निवेदन दिनुपर्ने ।सो बमोजिमको म्याद भुक्तान भएपछि इजाजतपत्र वा अनुमतिपत्र नवीकरण गर्न आएमा पहिलो एक महिनासम्मको लागि दश प्रतिशत त्यसै गरी दोस्रो महिनासम्म बीस प्रतिशत, तेस्रो महिनासम्म तीस प्रतिशत, चौथो महिनासम्म चालीस प्रतिशत, पाँचौ महिनासम्म पचास प्रतिशत र छेठौ महिनासम्म शत प्रतिशत जरिबाना लिई नवीकरण गरिदिन सक्ने तथा उक्त अवधिभित्र (६ महिनाभित्र) पनि इजाजतपत्र वा अनुमतिपत्र नवीकरण नगराएमा त्यस्तो इजाजतपत्र वा अनुमतिपत्र स्वतः रद्द हुने व्यवस्था रहेको छ। ऐ. नियमावलीको नियम १६ बमोजिमको म्याद भित्र नवीकरण नगराएको कारणले इजाजतपत्र वा अनुमतिपत्र स्वतः रद्द भएको देहाय बमोजिमको प्रसारण संस्थाहरूले सूचना प्रकाशित मितिले सात(७) दिनभित्र नियमानुसारको नवीकरणको लागि यस विभागमा सम्पर्क गर्नुहुन जानकारीको लागि अनुरोध छ।साथै श्री महालेखापरिक्षकको कार्यालयको पत्रमार्फत निर्देशन प्राप्त भए अनुसार देहाय बमोजिमको प्रसारण संस्थाहरूले ऐ. नियमावली बमोजिम प्राप्त गरेको इजाजतपत्र नवीकरण नगरी स्वतः रद्द भएको अवस्थामा प्रसारण कार्य गरी कारोबार गरी आम्दनी गरेको देखिएकोले ऐ. नियमावलीको नियम ११ बमोजिमको प्रसारण तथा वितरण शुल्क र सो मा लाग्ने जरिवाना दस्तुर दाखिला गर्न विभागको च.नः ४४३, मिति २०८२/०१/०८ को पत्रबाट जानकारी गराएकोमा उक्त रकम हालसम्म दाखिला गरेको नदेखिएकोले उक्त पत्र बमोजिमको रकम दाखिला गर्नहुन समेत अनुरोध छ।

| क्र.सं | संस्थाको नाम | ठेगाना | इजाजतपत्र नं |
|---|---|---|---|
| १ | गोर्खा मिडिया नेटवर्क प्रा.लि. | काठमाडौं-०३, काठमाडौं | भु.प्र.के. २११-७७।७८ |
| २ | उपकार मिडिया ग्रुप प्रा.लि. | काठमाडौं-०७, काठमाडौं | भु.प्र.के. २१६-७७।७८ |
| ३ | बलभद्र मिडिया प्रा. लि. | जनकपुरधाम-०४, धनुषा | भु.प्र.के.२२१-२०७८/७९ |
| ४ | अन्नपूर्ण ब्रोडकाष्ट मिडिया प्रा. लि. | काठमाडौं-११, काठमाडौं | भु.प्र.के. १०५-०७१।७२ |
| ५ | सयपत्री मिडिया प्रा.लि. | काठमाडौं-३२, काठमाडौं | भु.प्र.के.१४८/०७४/०७५ |
| ६ | सोसाइटल मिडिया प्रा.लि. | बनेपा-०३, काभ्रे | भु-सतही ४९-०६८।६९ |
| ७ | टिम टेलिभिजन प्रा.लि. | हेटौंडा-०४, मकवानपुर | भु सतही ४४-०६७।६८ |

सूचना तथा प्रसारण विभाग,

सञ्चारग्राम, तिलगंगा, काठमाडौं ।